# अध्याय ५

## ५. सार्वजनिक परामर्शको (Public Consultation) (Framework)/रूपरेखा

### ५.१ सामरिक सडक संजाल (SRN) योजनाहहरूमा सामाजिक र आर्थिक विकास तथा सहभागिता बारे ध्यान दिनु पर्ने विषयहरू (Issues)

सामरिक सडक संजाल (SRN) कार्यक्रम अन्तर्गत प्रस्ताव भए लगाएत कुनै पनि सडक निर्माण कार्यबाट (Interventions) सामाजिक न्याय र सामाजिक एकता (Cohesion), सशक्तीकरण, जवाफदेही र पारदर्शी शासनको प्रवर्द्धन, लैङ्गिक भेदभाव हटाउने र आयोजनाहरूबाट उत्पन्न भएका प्रतिकूल प्रभावहरू रोकथाम गर्ने आदि सामाजिक विकासका सकारात्मक परिणाम उपलब्ध हुने आशा गरिन्छ । आयोजनाको डिजाइनमा दिगो वातावरणीय विकास र आयोजनाको प्रभाव क्षेत्रमा प्राकृतिक स्रोतहरूको संरक्षण गर्ने र पर्यावरणीय ( Function) प्रणालीलाई सक्रिय राख्ने उपायहरू समावेश गर्नु पर्छ । समग्रमा निर्माण संचालनले प्रभाव क्षेत्रको सामाजिक र वातावरणीय अवस्थामा सकारात्मक प्रभावलाई बढाउनु पर्दछ । प्रतिकूल सामाजिक प्रभावहरूको सम्बन्धमा ती प्रभावहरू आयोजना नहुँदाको भन्दा खराब अवस्था बनाउने गरी गरिब र जोखिमयुक्त (Vulnerable) समूहहरूमा असमान किसिमबाट पर्नु हुदैन । सहभागिताको संयन्त्रले छलफल प्रक्रियालाई सहज बनाउँदछ र यस अन्तर्गत सूचना आदान प्रदान, प्रभावित व्यक्तिहरू (APs) र अन्य सरोकारवालाहरूसँग परामर्श र प्रभावित व्यक्तिहरूको आयोजना कार्य, कमिटी र निर्णय प्रक्रियामा सक्रिय सहभागिता पर्दछन् । यसले निश्चित स्वार्थपूर्तिको लागि आयोजनासँग चासो राख्ने मानिसहरूको विचारको सङ्कलन गराउँछ । यो स्वार्थ भनेको स्थानीय समुदायहरूको जीवनस्तर सुधार गर्ने र सुरक्षित गर्ने वा सांस्कृतिक र जीव-भौतिक वातावरणको अधिकतम सुरक्षा सुनिश्चित गर्ने हुन सक्छ । यी उद्देश्यहरू प्राप्त गर्नको लागि प्रस्तावित आयोजनाको सबै पक्षमा सूचना आदान प्रदान गर्नु नै सहभागिताको सबभन्दा ठूलो सिद्धान्त हो । यस सिलसिलामा आयोजनामा व्यवस्थापनले आयोजनाको पहिचान, तर्जुमा र कार्यान्वयनको चरणमा योजनाका सबै पक्षहरूमा सरोकारवालाहरूसँग (नीति, योजना तर्जुमा, डिजाइन र वैकल्पिक व्यवस्था र आयोजनाका संभावित पूर्व अनुमानित प्रभावहरू) विचारहरूको आदानप्रदान गर्नु पर्दछ । सामाजिक सन्तुलन र स्थानीय मानिससँगको विश्वास बनाई राख्न आयोजनाबाट पर्न सक्ने सकारात्मक र नकारात्मक प्रभावहरू, निर्धारण भएका क्षतिपूर्ति रकम र सो को भुक्तानी गर्ने समयतालिका, वातावरण व्यवस्थापन कार्य योजना (EMAP) पुनर्वास कार्य योजना (RAP) जोखिमयुक्त समुदाय विकास योजना (VCDP) लागु गर्ने संस्थाहरू र समयतालिका र गुनासो सम्बोधनका प्रक्रियाहरू बारे सबै सूचनाहरू जनतामा सार्वजनिक गर्न जरूरी हुन्छ ।

आयोजना तयारीको शुरूको अवस्थामा वातावरण र सामाजिक प्रभाव मूल्याङ्कनका सबै क्रियाकलापहरूमा जनताको सहभागिता, उनीहरूसंग परामर्श र आयोजनाको सूचना उनीहरूमा प्रवाहित गर्ने काम आयोजनाको अभिन्न अङ्ग हुनु पर्दछ । प्रारम्भिक वातावरणीय

परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्नुभन्दा पहिले र यी अध्ययनका सिलसिलामा सम्बन्धित सरोकारवालाहरूलाई नियमित रूपमा आयोजना बारे सूचनाहरू दिनु पर्छ । त्यसो भएपछि परामर्शदाताहरूले संभव भए अनुसार वातावरणीय व्यवस्थापन कार्य योजना (EMAP), पुनर्वास कार्य योजना (RAP) र जोखिमयुक्त समुदाय विकास कार्य योजना (VCDP) तयार गर्दछन् ।

जनसहभागिताका लागि व्यवस्था गरिएका संयन्त्रहरूमा निम्न संयन्त्रहरू पर्दछन् :

- आयोजना क्षेत्रमा सामाजिक, आर्थिक, वातावरणीय, कृषि, वन र भू-उपयोगका योजना तर्जुमा गर्ने जिम्मेवार निकायका प्रतिनिधिहरूसंग सम्पर्क ।

माथि उल्लेख भएका क्षेत्रमा (Sectors) स्थानीय स्तरमा कार्यरत राम्ररी स्थापित र अनुभवी गैससंसँग परामर्श ।

- उक्त क्षेत्रमा कार्यरत अनुसन्धानकर्ताहरूसंग परामर्श ।

- आयोजनाका विभिन्न अवस्थामा सरोकारवालाहरू सम्मिलित भएका समिति र/वा समूहहरूको गठन ।

- संचार माध्यम र अन्य उपायहरूबाट सूचना प्रवाह गर्ने अभियान ।

- आयोजना प्रभावित मानिसहरू (PAP)[१] को पुनर्वास, क्षतिपूर्ति र गुनासो (Grievance) सम्बोधन गर्ने संयन्त्र (Mechanism) बारे धारणा लिन उनीहरूसंग अन्तर्वार्ता ।

- सरोकारवाला (Focus) समूहसंग छलफल, गोष्ठी र कार्यशाला गोष्ठीहरू ।

- सामाजिक आर्थिक क्षेत्रको आधार रेखा (Baseline) सर्भेक्षण किनकि यसले सम्बन्धित जनतासंग परामर्श गर्ने राम्रो अवसर दिन्छ ।

आयोजनाबाट प्रभावित मानिसहरू (RAP) सँग सम्बन्धित आयोजना चक्रमा जन सहभागिता र परामर्शका सम्बन्धमा चलाइने विशेष क्रियाकलापहरूको सारांश तलको टेवलमा दिइएको छ ।

टेवल ५.१ : आयोजनाको अवस्था (Stage) र योजना संचालन प्रक्रिया (Process) मा प्रभावित (PAP) व्यक्तिहरूको सहभागिता प्रकृति

| **आयोजना अवस्था** | **आयोजनाबाट प्रभावित मानिसहरूको सहभागिता र लक्षित लाभग्राहीहरू** |
|---|---|
| आयोजना पहिचान | सामुदायिक समस्याहरूको पहिचान/प्राथमिकीरकण । |

[१] वातावरण मूल्याङ्कन टोलीले यस कुरालाई सुनिश्चित गर्नु पर्छ कि छलफल प्रक्रियामा विभिन्न सरोकारवालाका प्रतिनिधि र जोखिमयुक्त समुदायका प्रतिनिधि पर्याप्त मात्रामा राम्ररी मिसाएर (Fair Mix) राखिएका छन् ।

| आयोजना अवस्था | आयोजनाबाट प्रभावित मानिसहरूको सहभागिता र लक्षित लाभग्राहीहरू |
|---|---|
| | सार्वजनिक बैठकहरूमा सहभागिता ।<br>पुनर्वासलाई न्यूनतम गर्न विकल्पहरूको पहिचान पुनः स्थापना/स्थानान्तरण र आम्दानी पुनस्थापनाको लागि वैकल्पिक प्रावधानहरूको विकास गर्न र छनौट गर्न सहयता गर्ने । |
| संभाव्यता अध्ययन र पुनर्वास योजना तर्जुमा | पुनर्वास स्थल छनौट गर्न मद्दत गर्ने ।<br>सर्भेक्षणमा सहभागी हुने/सहजीकरण गर्ने ।<br>आश्रयदाता समुदायसंगको बैठकमा सहभागी हुने, सुझावहरू दिने ।<br>पुनर्वास योजना तर्जुमाको तयारीमा राय सुझाव प्रदान गर्नु ।<br>गुनासो सम्बोधन र द्वन्द्व विश्लेषण गर्ने संयन्त्र (Mechanism) को लागि सुझाव दिने । |
| आयोजना कार्यान्वयन | कार्यान्वयन प्रकिया (Process) मा सहभागिता ।<br>जिल्ला परिषद जस्ता स्थानीय तहमा निर्णय गर्ने समितिहरूमा संलग्न हुनु ।<br>साझा सम्पत्तिको व्यवस्थापनमा निर्णय गर्नु ।<br>गुनासो समाधान गर्न व्यवस्था भएका संयन्त्र (Mechanism) को प्रयोग गर्नु ।<br>स्थानीय परामर्श संस्थालाई विचारहरू प्रदान गर्नु ।<br>सडक निर्माणमा सहभागिता । |
| अनुगमन (Monitoring) र मूल्याङ्कन | आयोजनाको कियाकलापहरूको गुणस्तर सुनिश्चित गर्नु ।<br>अनुगमन टोलीमा सहभागी हुनु । |
| मर्मत संभार | मर्मत संभारमा कर्मचारी/संरक्षक जस्तो गरी सहभागी हुनु । |

## ५.२ आयोजनाका सरोकारवालाहरूको पहिचान र उनीहरूको सोच (Perspectives) को योजना तर्जुमा र व्यवस्थापन विधिमा समायोजन (Integration)

यस अघि (अध्याय १) मा वातावरण तथा सामाजिक व्यवस्थापन संरचना (ESMF) ले लक्षित संस्थाहरू र सरकारी निकायहरू, जसको प्रस्तावित सडक विकास कार्यक्रम सम्बन्धमा विभिन्न जिम्मेवारी र निहित स्वार्थ पनि रहन्छन्, यस सम्बन्धमा जानकारी (टेवल १.१) दिइसकेको छ ।

गैर सरकारी स्तरमा व्यक्ति, परिवार, सामाजिक समूह, वातावरण संरक्षणकर्ता र सडक विकास कार्यक्रममा चाख राख्ने अनुसन्धान संस्थाहरू आयोजनाका मुख्य सरोकारवालाहरू हुन् । आयोजनाका पहिलो (तह) किसिमका सरोकारवालाहरू ती हुन जसलाई सडक निर्माण सम्बन्धी योजनाबाट प्रत्यक्ष असर पर्दछ (लाभग्राही अथवा सम्पत्ति वा जीविकोपार्जन गुमेको कारणले पर्ने) । दोश्रो किसिमका आयोजनाका सरोकारवाला भनेका बीचवाला हुन् (Intermediaries) जो सिधै प्रभावित हुदैनन् तर एक वा अर्को तरिकाबाट समग्र रूपमा आयोजनामा आफ्नो सरोकार

(Concern) देखाउँदछन् । यिनीहरू अनुगमन र आफ्नो पक्षमा वहस गर्ने कार्यमा संलग्न हुन्छन् जस्तै दातृ निकाय कार्यान्वयन निकाय (सरकार), गै.स.स., वातावरण संरक्षण गर्ने निकाय, नागरिक समाज र निजी क्षेत्रका संघ संस्थाहरू ।

आयोजनाले आयोजना चत्रभरि नै सामाजिक विकास र सबै सरोकारवालाहरूको सहभागितालाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको हुन्छ । तर पनि अनुभवले देखाएको छ कि स्थानीय प्रबुद्ध व्यक्तिहरू (Elites) र राजनैतिक दलहरूले छलफल प्रकिया र कार्यवाहीलाई प्रभावित पार्छन् । तल्लो जाति र अल्पसंख्यक समूहहरू उनीहरूको सामाजिक स्थिति (मान्यता), शिक्षा र आर्थिक स्थितिले गर्दा सहभागिताबाट प्रायः बाहिर राखिन्छन् । यो सबभन्दा प्राथमिक तहको निर्णयको प्रकियामा सभागी हुन नपाएका कारण महिला, तल्लो जातका समूह, गरिव र जोखिमयुक्त जनताको अवस्था कठिन (Difficult) हुन सक्छ । यो स्थिति आउन नदिन, प्रस्तावित योजनाहरूमा वातावरण र सामाजिक दुवै क्षेत्रको प्रभाव मूल्याङ्कन गर्दा सुविधाबाट वंचित भएका र निर्णय प्रकियामा सहभागी नगराइएका समूहहरूसँग वेग्लावेग्लै बैठक गरेर यो स्थिति सुधार्न काम गर्नु पर्छ । गैससंले अगुवाई गरेको, आयोजनासँग सम्बन्धित बैठकहरूमा वेग्लावेग्लै भाग लिएर र योजनाहरूको सफल प्रतिफलले यस्ता समूहहरूलाई आयोजनासँग सम्बन्धित बैठक र योजना तर्जुमाको काममा अझ बढी भाग लिन प्रेरित गर्नेछ । सार्वजनिक छलफलको सिलसिलामा सरोकारवालाहरूबाट प्राप्त विचारहरू (Inputs), उनीहरूले परिकल्पना गरेका स्वरूपहरू र सिफारिसहरू योजना तर्जुमा र व्यवस्थापनका दस्तावेजमा समावेश गरिनेछ । स्थानीय परामर्शदातृ संस्था (LCF) को गठन पुनर्वास कार्य योजना (RAP) कार्यान्वयनको निर्णय प्रकियामा योजनाबाट प्रभावित व्यक्तिहरूको (PAPs) सहभागिता सुनिश्चित गर्ने एक संयन्त्र हो । यो सामूहिक पद्धति उनीहरूका आ-आफ्ना र समुदायका सरोकारका विषयहरूलाई प्रस्तुत गर्न र आयोजना व्यवस्थापनलाई अवगत (Notice) गराउन एक सजिलो उपाय हो । स्थानीय स्तरमा असर परेको घरधुरीहरूको सहभागितालाई सुनिश्चित गर्न जब जरूरी पर्छ त्यतिवेला स्थानीय परामर्शदातृ संघं (LCF) का बैठकहरू गरिने छन् । योजनाबाट प्रभावित व्यक्तिहरू (PAPs) र गाविसको मुआब्जा निधारण समितिमा हुने प्रतिनिधित्वबाट योजनामा उनीहरूको स्वामित्वको भावना बढाउन र क्षतिपूर्ति निर्धारण र सोको भुक्तानीमा हुने विवाद कम गर्न प्रभावकारी हुने आशा गरिन्छ ।

स्थानीय श्रमिक, खासगरी जोखिमयुक्त र आयोजनाबाट प्रभावित परिवार (PAFs) का सदस्यहरूले सडक निर्माण र मर्मत संभारको काम गर्न प्राथमिकता पाउने छन् । आयोजनाबाट प्रभावित मानिसहरू र जोखिमयुक्त समुदायहरूबाट निर्माण कार्यमा सहभागी हुन इच्छुक व्यक्तिहरूलाई सडक निर्माण गर्ने समूहहरू (RBGs) मा आबद्ध गरिनेछ । कम्तीमा ३०% रोजगारी महिलाहरूको लागि छुट्याइने छ । गैसस. स्थानीय श्रमिकको रोजगारी बारे अनुगमनका लागि जिम्मेवार हुनेछ । यसले यस विषयको सुनिश्चित पनि गर्ने छ कि महिलाहरू पर्याप्त मात्रामा सहभागी भई रहेका छन् र पुरूषले जस्तै, उस्तै किसिमको कामको लागि न्यायपूर्वक भुक्तानी पाइरहेका छन् र बालश्रमको प्रयोग भएको छैन ।

## ५.३ सहभागिता मूलक पद्धतिबाट गरिने छानवीन कार्यको रूपरेखा

सामाजिक प्रभावहरूको निश्चित प्रकृति र परिमाण मूल्याङ्कन गर्न प्रत्येक योजनाको लागि संभाव्यता अध्ययनको खण्डको रूपमा सक्दो मात्रामा स्थानीय सरोकारवालाहरू संलग्न गरेर वातावरणीय र सामाजिक छानवीन गरिने छ । छानवीन गर्ने सिद्धान्तको प्रयोगमा एक रूपता ल्याउन दुवै पक्षको छानबीनमा निर्धारित फाराम प्रयोग गरिनेछ । वातावरणीय प्रभावहरूको छानबीनको फाराम सम्बन्धमा यसै संरचना (ESMF) को पहिलेको अध्याय २ मा विवरण दिइएको छ ।

सामाजिक छानबीनको मापदण्ड सडक विभागले हाल उपयोग गरिरहेको वातावरण तथा सामाजिक प्रभाव छानबीन निर्देशिकामा आधारित हुन्छ । सामाजिक छानबीनले जग्गा, सम्पत्ति/संरचना जीविकोपार्जनमा हुने क्षति र अन्य महत्वपूर्ण सामाजिक प्रभावहरूको संभावित परिमाण एकिन हुनेछ । सामाजिक छानबीनले सामाजिक प्रभावहरूको आधारमा योजनाहरूको वर्गीकरण गर्न पनि सहयोग गर्नेछ । प्रतिकूल सामाजिक प्रभावहरूको परिमाण नगण्य भएको र स्थानान्तरण गर्न नपर्ने वा सम्पत्तिहरू वा जीविकोपार्जनमा क्षतिको संभावना नभएको अवस्थामा थप कार्यवाही गर्न आवश्यक छैन । तर सामाजिक छानबीनबाट जग्गा अधिग्रहण र/अथवा सम्पत्तिहरूको क्षति टार्न नसकिने र जोखिमयुक्त समुदायहरू लगायत योजनाबाट प्रभावित व्यक्तिहरूमा (PAP) मा प्रतिकूल असर पर्ने स्थिति देखिएको अवस्थामा पुनर्वास र जोखिमयुक्त समुदाय विकासको रूपरेखाको प्रावधान अनुसार उपयुक्त पुनर्वास कार्य योजना र जोखिमयुक्त समुदाय विकास योजना (VCDP) तयार गर्नुपर्छ । सामाजिक छानबीन गर्दा योजनाको प्रारम्भिक डिजाइन र पुनर्वाससम्बन्धी प्रभावहरूबारे विचार आदानप्रदान गरिने छ । यसका साथै योजनाबाट प्रभावित व्यक्तिहरू (PAP) र जोखिमयुक्त समूहहरूमा पुनर्वास र प्रतिकूल सामाजिक प्रभावहरू न्यून पार्न छलफलबाट वैकल्पिक उपायहरूको खोजी गरिनेछ ।

## ५.४ सूचनाको सार्वजनिक खुलासा

धेरै जसो विकास आयोजनाहरू आफ्नो सामाजिक, आर्थिक र वातावरणीय स्थिति (Settings) लगायत विषयमा सूचनाको अभाव वा गलत सूचनाको कारण असफल हुन्छन् । संचालित कार्यक्रमको सफलताको लागि व्यवस्थापनले प्रस्तावित क्रियाकलापहरू र तिनीहरूबाट आशा गरिएका परिणामहरूबारेका सूचना प्रभावित र/वा चाख राख्ने जनतासंग आदानप्रदान गर्नैपर्छ । कुनै पनि आयोजनामा यसको तयारी शुरू गर्ने सिलसिलामा नै वातावरणीय र सामाजिक प्रभाव मूल्याङ्कन क्रियाकलापहरूबाट सूचना प्रवाह शुरू हुन्छ । सम्बन्धित स्थानीय अधिकारीहरू र गैससं मार्फत प्रभावित मानिसहरू (PAP) लाई आयोजना र पुनर्बास प्रक्रिया बारे पुनर्वास कार्य योजना र जोखिमयुक्त समुदाय विकास योजना (VCDP) को तयारी गर्नुभन्दा पहिले र कार्यान्वयनको समयमा पनि नियमित रूपले सूचना दिइनु पर्दछ । स्थानीय र राष्ट्रिय दुवै स्तरका प्रकृति संरक्षणको काममा या पर्यावरणका अन्य विषयमा कार्यरत संघ संस्थाहरूलाई चालु अवस्थामा रहेका र योजना तर्जुमा गरिएका क्रियाकलापहरूबारे जानकारी गराउनु पर्छ । यसबाट संरक्षण र सुधारका उपयुक्त उपायहरू संयुक्तरूपमा पहिचान गर्न मद्दत हुन्छ ।

आगामी सामरिक सडक संजाल (SRN) कार्यक्रमको लागि आयोजना सम्बन्धी सूचना साधारण जनतालाई प्रवाह गर्न तलको पद्धति अपनाउन सुझाव दिइन्छ :

आयोजनाका प्रकाशित सामग्रीको वितरण : नेपाली संस्करणका आयोजनासम्बन्धी सूचना सामाग्रीहरू प्रस्तावित सडक आयोजनाहरूको निर्माण शुरू हुनु भन्दा अघि स्थानीय अधिकारीहरू, स्थानीय परामर्शदातृ संस्था, योजनाबाट प्रभावित व्यक्ति (PAP) र अन्य सरोकारवालालाई वितरण गर्नुपर्छ । यस्ता सूचनामा अधिकार र दावी सम्बन्धी रूपरेखा तथा प्रभावित व्यक्तिले पाउने क्षतिपूर्ति, आयोजना अवधि आदि विभिन्न आवधिक सूचनाहरू समावेश हुन्छन् ।

कार्यशाला गोष्ठी : पुनर्वास कार्य योजना (RAP) र जोखिमयुक्त समुदाय विकास योजना (VCDP) बारे योजना स्थलमा लक्षित लाभग्राही समूह र सम्बन्धित सरोकारवालाहरूसँग सूचना आदानप्रदान गर्न समय तोकेर गोष्ठीहरू शृंखलाबद्ध रूपमा आयोजना गर्नुपर्छ ।

सार्वजनिक संचार माध्यम : स्थानीय माध्यम : आयोजनासम्बन्धी सूचना स्थानीय रेडियो/एफ.एम., टिभि र समाचारपत्रहरू मर्फत प्रसारण गर्नुपर्छ ।

कार्यान्वयन अवस्थामा आयोजना र यसका क्रियाकलापहरूसम्बन्धी विवरण/दस्तावेज बारे सूचना प्रवाह गर्न अस्थायी रूपमा एक सूचना केन्द्र स्थापना गरिनेछ । आयोजनामा चाख राख्ने/सरोकार राख्ने सबै व्यक्तिहरू उक्त केन्द्रमा सजिलैसंग प्रवेश पाउनेछन् । आयोजना प्रस्तावकबाट दातृनिकायको र आफ्नै पनि सार्वजनिक खुलासा नीति अनुसार एक वेवसाइट निर्माण गरी EIA, IEE, SIA, RAP, VCDP का नतीजा र सम्बन्धित अन्य सूचना इन्टरनेटमा राखिने र त्यसलाई समयसमयमा अद्यावधिक गरिनेछ ।

## ५.५ समुदाय, स्थानीय अधिकारी र आयोजना व्यवस्थापनबीच सहकार्य गर्ने साझेदारी संयन्त्रको स्थापना :

स्थानीय समुदायसम्म पुग्न र स्थानीय मानिसहरूलाई बढिसेबढी रोजगारी दिने र सडक निर्माणसँग सम्बन्धित आय आर्जनका कार्यहरूमा जोखिमयुक्त समूह र महिलाहरूको संलग्नता बारे स्थानीय व्यक्तिहरूलाई आश्वस्त गर्नको लागि हरेक योजनाले योजनाबाट प्रभावित सबै मानिसहरू र सरोकारवालाहरूलाई समावेश गर्ने संयन्त्र र संरचना निर्माण गर्नेछ ।

पहिलो चरणमा ठेकेदारहरू निर्माण क्षेत्रमा परिचालन हुनु अगाडि सामाजिक प्रभाव मूल्याङ्कन गरिहेका सामाजिक मूल्याङ्कन टोलीले प्रत्येक वडा/सडक खण्डबाट सडक निर्माणमा काम गर्न इच्छुक महिला/पुरूषहरूको सूची तैयार गरी श्रमिक उपलब्धता सर्भेक्षण गर्नु जरूरी हुन्छ । यस्तो सर्भेक्षणले स्थानीय समुदायभित्र उपलब्ध हुन सक्ने दक्ष व्यक्तिहरू र तिनको स्तर पनि यकिन गर्नेछ । दक्ष श्रमिकलाई रोजगारीमा प्राथमिकता दिइनेछ । त्यस क्षेत्रमा कामको लागि आवश्यक पर्ने श्रमिक पूरै उपलब्ध नभएमा जति नपुग्ने हो त्यति संख्यामा मात्र बाहिरिया श्रमिकलाई (कमी पूरा गर्न मात्र) अनुमति दिइने छ । विगतका अनुभवबाट यो प्रस्ताव गरिन्छ कि खास तवरमा योजनाबाट प्रभावितहरू र स्थानीय जनताको लागि कम्तीमा ७०% श्रम रोजगारी छुट्याउनु पर्दछ । सार्वजनिक बैठकहरू (Meetings) जसले यो रणनीतिको ब्याख्या गरी स्थानीय जनतालाई रोजगारीको अवसरहरू बारे पनि स्पष्ट ब्याख्या गर्छ त्यस्तो बैठकको

आयोजना गरिने छ । यो व्यवस्थाले स्थानीय अर्थतन्त्रलाई बढावा दिने र प्रभावित परिवार (PAF) र स्थानीय समुदायलाई सडक निर्माण र मर्मत संभारसम्बन्धी काममा दक्षता हासिल गर्न मद्दत गर्नेछ । यसले सडकमाथि स्वामित्वको भावना बढाउने छ र भविष्यमा मर्मत संभारमा सहयोग सुनिश्चित गर्नेछ । आयोजना प्रस्तावकले त्यसपछि योग्य गैसस वा समुदायमा आधारित संस्था (साअसं) हरूलाई योजनाको निर्माण अवधि भरिनै समुदायको परिचालन गर्ने र रोजगारीको कामलाई सहज बनाउने जिम्मेवारी दिएर नियुक्त गर्नेछ । परिचालन र सहजताको क्रियाकलापहरू अन्तर्गत चेतनामूलक र दक्षता अभिबृद्धिसम्बन्धी तालिम कार्यक्रम पर्दछन्, जसले काम गर्ने संभावित व्यक्तिलाई आवश्यक काम र यस्ता कामसंग सम्बन्धित चुनौती र अवसर बारे अझ राम्रोसँग बोध गराउँदछ । जनचेतनासम्बन्धी विशेष किसिमका विषयहरूमा वातावरण संरक्षण, कृषि, स्वास्थ्य, यौन प्रसारित रोगहरू र सामाजिक द्वन्द्वबाट छुटकारासँग सम्बन्धित बिषयहरू पर्दछन् ।

स्थानीय मानिसहरूका लागि आयआर्जन अवसरहरू सृजना गर्दा तल दिइएका सिद्धान्तलाई बिशेष ध्यान दिइने छ ।

क) सशक्तीकरण

सशक्तीकरण हाल विद्यमान अधिकार सम्बन्धलाई रूपान्तरण र अधिकार स्रोतमा अझ बढी नियन्त्रण गर्ने प्रक्रिया हो । सशक्तीकरणले व्यक्तिगत, सामाजिक, आर्थिक र राजनैतिक कार्यमाथि नियन्त्रण र समझदारी प्राप्त गर्न मानिसहरूको क्षमता बनाउँदछ । यसले उनीहरू व्यक्तिगत वा सामूहिक रूपमा आफ्नो जीवनको अवस्थामा सुधार गर्नका लागि आफू कस्तो हुन चाहन्छन् र कसरी काम गर्न चाहन्छन् त्यसका लागि आफूलाई लागेको सबैभन्दा उत्तम मार्ग र काम गर्ने पद्धति छनोट गर्ने क्षमता पनि बढाँउछ । सशक्तीकरण आर्थिक सामाजिक, सांस्कृतिक, राजनैतिक, कानूनी, व्यक्ति व्यक्तिका बीचमा र मनोवैज्ञानिक क्षेत्रहरूमा हुन सक्दछन् । स्थानीय परामर्शदातृ संघं (LCF), आयोजनाबाट प्रभावित परिवार र (PAF) हरू र जोखिमयुक्त परिवारहरूको सशक्तीकरणले उनीहरूमा आत्मविश्वास बढाउनुका साथै शिक्षा, सीप, स्वास्थ्य, सुरक्षित पानी र सरसफाईमा पहुँच, सूचना र संचार जस्ता जीवनस्तर बढाउन मद्दत गर्ने सामाजिक क्षमताका विषयहरूमा पनि उनीहरूको लगाव बढाउने छ ।

ख) लैङ्गिक भेदभाव हट्ने

प्रस्तावित योजनाहरूमा सार्वजनिक छलफल हुँदा लैङ्गिक समस्याको समाधान गर्ने प्रशस्त अवसर र व्यवहारिक उपायहरू निस्कन्छन् । महिलाहरूलाई पुनर्वास पद्धति र प्रकिया साथै आगामी रोजगारीका अवसरहरूबाट लाभ लिनका लागि उनीहरू के कस्तो मौका र अधिकार लिन चाहन्छन् त्यस बारे पूर्ण रूपले अवगत गराइने छ । अदक्ष श्रमिकलाई काम दिने बारे ठेकेदारहरूलाई लैङ्गिक कोटा (Quota) निर्धारण गर्न लगाउनु पर्दछ । आय आर्जनले महिलाहरूको घर र समुदायमा इज्जत (Status) बढाउने छ र यस्तो स्थितिबाट उत्साहित भएर महिलाहरूलाई आफ्नो आम्दानी र स्रोतहरूको केही भाग बचाउने र नियन्त्रण गर्न सक्ने बनाउने छ । दुर्भाग्यवश महिलालाई लैङ्गिक आधारमा गरिने भेदभावले नेपाली समाजमा गहिरो जरा गाडेको छ । हाल प्रचलनमा भएका सामाजिक मूल्य र मान्यताहरूले सबै पृष्ठभूमिका महिलाहरूलाई भेदभाव गरेको छ । सबै जात र सबै जातीय समूहहरू भित्र, महिलाहरू पुरूषहरूभन्दा बढी मात्रामा सुविधाबाट बंचित छन् । सीमित भूमिका, शिक्षा र

सीप/व्यवसायिक तालिममा सीमित पहुँच, ज्यालादरमा भेदभाव, कानूनी भेदभाव र सम्पत्तिको अधिकारबाट वंचित हुनु केही यस्ता तत्वहरू (Factors) हुन जसले विकास क्रियाकलापहरूमा महिलाहरूलाई सहभागी हुनुबाट वंचित गराउँछन् ।

लैङ्गिक आचारपद्धति (Norms) र व्यवहारहरू नेपालमा विभिन्न सांस्कृतिक समूहहरूमा फरकफरक छन् । जनजाति महिलाहरू उच्च जातका हिन्दु महिलाहरूभन्दा घरायसी काम गर्न र घरायसी मामलामा निर्णय गर्न धेरै स्वतन्त्र छन् भनि मानिन्छ । तर शिक्षा र रोजगारीजस्ता राज्य स्रोतहरूमा पहुँच र त्यसबाट लाभ लिने सम्बन्धमा जनजाति महिलाहरू उच्च जातका महिलाहरूभन्दा पछाडि छन् । दलित महिलाहरूको सारक्षता र स्वास्थ्यस्तर सबभन्दा खराब छ । त्यस कारण पुनर्वास नीति र कार्यक्रमहरूले नेपालभित्रका महिलाहरूको स्तर फरक फरक भएको बिषयलाई ख्याल राख्नु पर्दछ र आयस्तर, वैवाहिक अवस्था, जात, जातीय समूह, संस्कृति र भौगोलिक अवस्थितिमा आधारित भएर महिलाहरूको अवस्था र विभिन्न स्थितिहरू बारे विचार गर्नु पर्दछ । त्यसैले आयोजना चक्रका सबै अवस्थामा (आवश्यकता पहिचान, योजना तर्जुमा/डिजाइन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन) सामरिक सडक संजाल (SRN) कार्यक्रमले लैङ्गिक विभेदका समस्यालाई विस्तारै मूलधारमा ल्याउने कोशिस गर्नुपर्दछ । यो रणनीतिले पुरूष, महिला, केटाकेटी, बुढापाका अपाङ्ग र विधवा, एकल आमा इत्यादिको भूमिका र जिम्मेवारीको मूल्याङ्कन गरी योजना चक्रको सबै चरणहरूमा उनीहरूको सहभागिता बढाउनुका साथै उनीहरूमा स्वामित्वको भावना पनि बढाउँछ ।

अझ खास गरेर रणनीतिले प्रतिकूल स्थितिका महिलाहरू जस्तै एकल महिला, विधवाहरू वा घरपरिवार भित्र वा वाहिर वहुपति वा पत्नी प्रणालीका वैवाहिक सम्बन्धहरू भएका महिलाहरूलाई मुख्य रूपले लक्षित गर्नेछ । कार्यक्रमको पुनर्वास प्याकेज[२] (Package) मा महिलाहरूले नेतृत्व गरेका घरपरिवारलाई बिशेष प्राथमिकता दिइने छ । यसमा सहभागिता बढाउन र मूल्यवान विचारहरू महिलाहरूबाट नै उपलब्ध गर्न क्षमता विकासका उपयुक्त कार्यक्रमहरूको पनि शुरूवात गरिनेछ ।

ग) कामदारको अधिकार बारे शिक्षा र गुनासो समाधानका प्रक्रियाहरू

कामदारहरूले पनि स्वास्थ्य उपचार, पारिश्रमिक र भुक्तानी शर्तहरू सम्बन्धमा उनीहरूका अधिकारबारे सही सूचना प्राप्त गर्नेछन् । काममा लगाइएका कामदारहरूले अगाडि सारेका मागका विषय सम्बोधन हुन्छन् भनेर उनीहरूलाई आश्वस्त पार्न खास किसिमका गुनासा र उजुर सम्बन्धी संयन्त्र (Mechanism) निर्माण गरिने छन् । गरिब, तल्लो जातका महिलाहरू र आदिबासी (indigenious) र जातीय (Tribal) समुदायका व्यक्तिहरूले ज्यालादारी श्रमिकहरू छनौट गर्दा प्राथमिकता पाउनेछन् । लैङ्गिक कोटा (जात अनुसार) को निर्धारणबाट यी महिलाहरूलाई काममा सहभागी हुन, आयोजनबाट लाभ लिन र गरिवीको स्तरमा कमी ल्याउन मद्दत गर्नेछ । यस्तो कोटा काममा लगाउने अदक्ष श्रमिकको कुल संख्याको कम्तीमा ३३% महिलाहरूको लागि छुट्याउन सिफारिश गरिएको छ । निर्माण कार्यमा महिला सहभागिता भएको छ र बाल मजदुर प्रयोग गरिएको छैन भन्ने बिषयमा आश्वस्त पार्न स्थानीय स्तरको

[२] त्यसै गरी पुनर्वासबाट महिला र बालबालिकामा पर्ने असरको सही मूल्याङ्कन महिलाबाट हुन सक्ने हुँदा जग्गा अधिग्रहण समिति र मुआब्जा निर्धारण समितिमा महिला प्रतिनिधि समावेश हुनुपर्छ भनेर जोड दिइएको छ ।

गैससलाई करारमा नियुक्त गरी उनीहरूलाई स्थानीय श्रमिकको रोजगारीका बिषयमा अनुगमन गर्न जिम्मेवार बनाइनेछ ।

छलफल प्रक्रियाले यस बिषयमा पूरा सूचना दिने र ब्याख्या गर्नेछ कि रोजगारीका अवसरहरूमा समान पहुँचको मात्र व्यवस्था गरिदैन वल्कि महिला तथा पुरूष दुवैको लागि उस्तै कामको निमित्त एउटै दरमा ज्याला पनि दिइन्छ । काममा लगाइएका श्रमिकहरूलाई भुक्तानी गर्न निर्धारित प्रत्येक अवधिमा ज्याला भुक्तानी गर्न र यसरी भुक्तानी गर्दा महिला र पुरूष दुवैलाई बराबर भुक्तानी गर्न ठेकेदारहरूलाई बाध्य पारिने छ । महिला तथा पुरूष दुवैले ठेक्कामा तोकिएको तालिका अनुसार उनीहरूले पाउने भुक्तानीहरू पाउने निश्चित गर्न भुक्तानी तालिका र रकम गैससं र समुदायमा आधारित संस्था (CBO) हरूबाट निरन्तर अनुगमन हुनु पर्छ ।

५.६ सहयोगका लागि आयोजना चक्रभरि सार्वजनिक परामर्श :

परामर्शले प्रभाव, जोखिमयुक्तताको स्रोत, असर पर्न सक्ने घरधनी (Households) र समूहहरूको पहिचान गरी उनीहरूमा पर्ने असर र समाधान गर्ने उपयुक्त उपायहरू पहिचान गर्न मद्दत गर्नेछ । त्यसैगरी प्रभावित मानिसहरूले आफ्नो आर्थिक, सामाजिक र जैविक तथा भौतिक वातावरणहरू सबभन्दा बढी थाह पाउने हुँदा छलफलको काम प्रभावित व्यक्तिहरूको चाहना र क्षमता तथा पुनर्बास र रोकथामका उपायका प्राविधिक मापदण्डबीच सन्तुलन कायम हुने गरी पुनर्वास वा वातावरणमा पर्ने नकारात्मक प्रभाव रोकथाम गर्ने उपायहरूका विभिन्न विकल्प तयार पार्न उपयोगी हुन्छन् । सार्वजनिक छलफलबाट आयोजना सूचारू रूपले कार्यान्वयन गर्नका लागि धेरै लाभहरू प्राप्त हुन्छन्, जुन यस पछि संक्षेपमा छलफल गरिएको छ ।

सडक विकास कार्यको विभिन्न चरणमा वातावरण सुधार गर्न कुन किसिमका उपायहरू अवलम्बन गर्नु पर्दछ सो बिषयका साथै प्रभावित व्यक्तिहरूको चाहनाहरू, बाधा-व्यवधान र प्राथमिकताहरूको पहिचान गर्न र सफलता/आवतजावतका लागि चाहिने व्यवस्था बारे जानकारी लिन आयोजना व्यवस्थापन (सुपरिवेक्षण र अनुगमन कर्मचारीहरू समेत) ले आयोजनाबाट प्रभावित समुदायहरूसंग निरन्तर छलफल गर्नु पर्दछ । यसरी यस किसिमका परामर्शबाट प्रभावित जनताहरू र आयोजनाका कर्मचारीबीचको छलफल वा सूचना आदानप्रदानको दुईतर्फी संयन्त्र बन्न जान्छ । छलफलले केही यस्ता गहन विवरणहरू दिन्छ जसलाई योजनाकारले पहिले देखेको हुदैन वा देख्न संभव हुन्न । उदाहरणको लागि जग्गा अधिग्रहण र विस्थापनले एउटै आयोजना भित्रनै विभिन्न किसिमका प्रभावहरू सृजना गर्दछ । त्यसै गरी यदि आयोजनाको सार्वजनिक छलफल र अनुगमन प्रक्रियामा प्रष्टसँग समावेश गरिएन भने लैङ्गिक विभेदको बिषय सजिलैसँग छुट्न सक्छ । प्रभावित जनताहरूको गुनासो सम्बोधन गर्न र उनीहरूको समर्थन जुटाउने काम सुनिश्चित गर्न सार्वजनिक छलफल एउटा प्रभावकारी संयन्त्र हो । प्रस्तावित आयोजनाबाट प्रभावित हुने समुदायहरू आफ्नो सम्पत्ति वा जग्गा अधिकरणबाट जीविकोपार्जन नष्ट गराउने वा उत्पादनमा बाधा अवरोध पार्ने क्रियाकलापहरू बारे चिन्तित हुन सक्छन् (उदाहरणको लागि माछा मार्ने स्थानहरूमा अव्यवस्थित तरिकाले ढुङ्गामाटो विसर्जन गरेबाट माटो जम्मा हुने प्रक्रिया बढ्नाले माझीहरूको

व्यवसायमा कमी आएर उनीहरूको आम्दानी गुम्न सक्छ) । आयोजना क्रियाकलापहरूको योजना तर्जुमा र व्यवस्थापनमा सहभागिताले यस्तो डर कम गर्ने र छलफलमा सहभागी भएका जनताहरूलाई मुख्य निर्णयहरूमा पनि समान रूपले सहभागी हुने अवसर दिनेछ । यसरी उनीहरूले प्रस्तावित उपायहरू राम्ररी बुझ्ने र त्यसको कार्यान्वयनमा सहयोग गर्ने दुवै काम गर्नेछन् र खासगरी जब आय आर्जनका उपयुक्त विकल्पहरू दिन सकिन्छ, त्यति बेला अझ राम्ररी बुझ्ने र समर्थन गर्नेछन् । अर्को शब्दमा प्रभावित जनताहरूको चासो र धारणालाई समुचित मान्यता दिएर गरिने सार्वजनिक छलफल प्रस्तावित कार्यको विभिन्न चरणमा जनताहरूमा योजनाका स्वामित्वको भावना सृजना गर्ने सबभन्दा राम्रो उपाय हुनेछ । यो खास गरी त्यति बेला प्रभावारी हुन्छ जब उनीहरू आफ्नो चासोको विषय र आफूले दिएका सुझावहरूलाई डिजाइन र निर्माणमा समावेश गरिने छ भन्ने विश्वास प्राप्त गर्दछन् । तब मात्र स्थानीय समुदायहरूले आयोजनाहरूका फाइदाजनक पक्ष (Aspects) र उपायहरूको कार्यान्वयनमा सहकार्य र समर्थन गर्नेछन् ।

यसका साथै स्थानीय जनताहरूले लागु भएका सुधारात्मक उपायहरू बारे पर्याप्त मात्रामा पृष्टपोषण (Feedback) प्राप्त गर्नुपर्छ : आयोजनाले सुमदायहरूसंग निरन्तर परामर्श गर्ने प्रभावकारी उपाय मध्ये कार्यान्वयन र संचालनको अवधिमा नियमित रूपमा गरिने परीक्षण एक हुन सक्छ, जसले गर्दा सुविधा प्राप्त गर्नेहरू समयमा नै आयोजनाका क्रियाकलापबारे सुसूचित हुन्छन् र अगाडी गर्नु पर्ने सुधारको लागि उनीहरूको विचार/सुझाव (Feedback) लिन सकिन्छ ।

यसको विपरीत (पर्याप्त) सार्वजनिक परामर्शविना कार्यान्वयन भएका आयोजनाका क्रियाकलापहरूले बाधाब्यबधानका नचाहिँदा समस्या (उदाहरणको लागि बन्द वा विरोध, चोरी, ढिलाई, मूल्यबृद्धि, जरिवाना), सामाजिक अव्यवस्था र अन्तमा अपराध निंत्याउन सक्छन् । उचित र समय छँदै गरिएको छलफलबाट आयोजनाको शुरूमा भएको विरोध सकारात्मक (Constructive) सहभागितामा रूपान्तरण हुन सक्छ । यसका अतिरिक्त आयोजनाबारे निरन्तर सूचना दिनाले र संगसंगै जनताहरूबाट सकारात्मक सुझावहरूको माग गर्नाले यसको परिणाम स्वरूप स्थानीय समुदायहरू आयोजना प्रति स्वामित्व वहन गर्न र आयोजनाको लाभदायक पक्षका काममा सहयोग गर्नका लागि तैयार हुन्छन् ।